# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

| खण्डः ९ | संख्याः ६ | मितिः २०८२।०४।०५ |
| --- | --- | --- |


## भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### बागमती गाउँपालिकाको सामाजिक सुरक्षा तथा समाज कल्याण ऐन, २०८२

**प्रस्तावना :** आर्थिक रूपले विपन्न, सामाजिक रूपमा सीमान्तकृत, अशक्त र असहाय अवस्थामा रहेका नागरिक, बहुविध, फरक क्षमता भएका, दलित, आदिवासी/जनजाति, सशिक्षित तर बेरोजगार रहेका महिला, अपाङ्गता भएका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने वा जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने तथा सामाजिक रूपमा पछाडि परेका व्यक्तिहरूलाई समाजमुखी सामाजिक समावेशीकरण, समानता र सभ्यताको माध्यमबाट विकासको मूलधारमा ल्याई विकासप्रति समान पहुँच र न्यायोचित ढंगबाट वितरण गर्ने, सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रम अन्तर्गत समाज सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापहरूलाई विकास विभाग वा गाउँपालिकाको अन्य कामहरूसँग समन्वय गरी समाजका कमजोर, गरिब र असहाय व्यक्तिहरूलाई जीवनयापन गर्न सक्ने सक्षम तुल्याउने, समाजसेवी संघ, संस्था तथा व्यक्तिहरूको भागीदारी र प्रतिष्ठा बढाउने तथा गैरसरकारी सामाजिक संघ-संस्थाहरूको कार्य कार्यान्वयनमा समन्वय गर्नका निम्ती कानुनी व्यवस्था गर्न आवश्यक भएकाले बागमती गाउँपालिकाको गाउँसभाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (३), दफा ११ को उपदफा (२) (त) र उपदफा (४) (च) बमोजिम यस ऐन बनाएको छ ।

परिच्छेदः १

**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८२" हुनेछ ।

(२) यो ऐन प्रकाशित भएको मितिबाटै लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमाः

(क) "समाज कल्याण कार्य" भन्नाले समाजका कमजोर, असहाय र अशक्त व्यक्तिहरूप्रति सेवा पुऱ्याउने तथा सामाजिक रूपमा पछाडि परेका वर्गहरूलाई आर्थिक र सामाजिक रूपमा सक्षम बनाउने उद्देश्यले गरिने सामाजिक कार्य बुझिन्छ ।

(ख) "समाज सेवा" भन्नाले नाफा नलिने उद्देश्यले व्यक्तिगत वा सामूहिक रूपमा गरिने समाज कल्याण सम्बन्धी कार्य बुझिन्छ ।

(ग) "सामाजिक संघ-संस्था" भन्नाले समाज कल्याणका कार्य गर्ने प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका वा समाज सेवामा संलग्न गैरसरकारी सामाजिक संघ-संस्था बुझिन्छ ।

(घ) "समिति" भन्नाले दफा ५ बमोजिम स्थापना गरिने सामाजिक सुरक्षा तथा समाज कल्याण निर्देशक समिति बुझिन्छ ।

(ङ) "अध्यक्ष" भन्नाले निर्देशक समितिको अध्यक्ष बुझिन्छ ।

(च) "सदस्य" भन्नाले निर्देशक समितिको सदस्य बुझिन्छ र यस शब्दले समितिका अध्यक्ष तथा सदस्य दुवैलाई जनाउनेछ ।

(छ) "मान्यता" भन्नाले यस ऐन बमोजिम समितिबाट प्रदान गरिने संघ-संस्थाको मान्यता बुझिन्छ ।

(ज) "तोकिएको" वा "तोकिए अनुसार" भन्नाले यस ऐन अन्तर्गत तोकिएको वा तोकिए अनुसारको काम वा जिम्मेवारी बुझिन्छ ।

(झ) "युवा" भन्नाले १६ वर्षदेखि ४० वर्ष सम्मको व्यक्तिलाई जनाउँछ ।

३. **लक्षित वर्गः** यस ऐन अन्तर्गत सञ्चालन हुने सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रमका लागि देहाय बमोजिमका व्यक्ति तथा समुदाय कार्यक्रमका लक्षित वर्ग हुनेछन् :

(क) ज्येष्ठ नागरिक,

(ख) आर्थिक रूपमा विपन्न, सीमान्तकृत र अल्पसंख्यक,

(ग) अशक्त र असहाय अवस्थामा रहेका,

(घ) असहाय एकल महिला र पुरुष,

(ङ) बालबालिका,

(च) आफ्नो हेरचाह आफैँ गर्न नसक्ने,

(छ) अपाङ्गता भएका,

(ज) सामाजिक रूपमा पछाडि परेको वर्ग र समुदाय,

(झ) विपद्, महामारी, बेरोजगारी या न्यून आय (चरम गरिबी) का कारण जीविकोपार्जनका आधारभूत आवश्यकताबाट (जस्तै : भोजन, लत्ता, कपडा, आवास, औषधि, शिक्षा) वञ्चित अवस्थामा रहेका व्यक्ति र परिवार

(ञ) यौनिक अल्पसंख्यक

(ट) अनौपचारिक क्षेत्रमा शारीरिक श्रमका काम गर्ने श्रमिकहरु

**४. सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रमः** (१) लक्षित वर्ग तथा समुदायको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन देहायका विषयमा गाउँपालिकाले सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ :

(क) बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुको हित र कल्याण गर्ने,

(ख) विकासका लागि जनसहभागिता अभिवृद्धि गर्न र महिलाहरुको हक हितको संरक्षण र सम्वर्द्धन गर्न

(ग) बाल अपराध, लागुपदार्थ दुर्व्यसन वा अन्य कुलत तथा सामाजिक विकृतिबाट पीडित व्यक्तिहरुलाई मर्यादित र सम्मानित जीवन यापन गराउन

(घ) बेरोजगार, गरिब वा अशिक्षित व्यक्तिहरुका लागि सम्मानित जीवन यापन गराउन

(ङ) धार्मिक स्थल तथा गुठीहरुको क्रियाकलापलाई व्यवस्थित गराउन

(च) पिछडीएको समुदाय वा वर्गको हितको निमित्त आवश्यक व्यवस्था गर्न

(छ हिंसा, दुर्व्यवहार, द्वन्द्व, महामारी र प्राकृतिक प्रकोपबाट पीडितका लागि पुनर्स्थापना केन्द्र स्थापना गर्न

(ज) हरेक क्षण (दैनिक क्रियाकलापका लागि समेत) हेरालु वा सुसारे आवश्यक पर्ने अवस्थाका अति अशक्त, अपांग, एकल महिला वा पुरुष, गम्भीर प्रकारको मानसिक रोगले विक्षिप्त विरामी, बेवारिसे शिशु या अन्य उमेरका भइकन पनि संकटमा परेका बेवारिसे व्यक्तिको हेरचाहका लागि आवश्यकता अनुसार स्याहार सुसार तथा संरक्षण गर्ने व्यक्ति खटाउन वा संरक्षकलाई आर्थिक व्यवस्थापन गर्न र आवश्यकता बमोजिम उपचार केन्द्र, पुनर्स्थापना केन्द्र वा सुधार केन्द्रमा पुऱ्याउन/राख्न

(झ) अनाथ, असहाय, अपांग र ज्येष्ठ नागरिकहरुका लागि आश्रय स्थल र स्थायी प्रकारका आवास या आश्रम निर्माण गर्न

(ञ) विपद्, चरम गरिबी या अन्य कारणबाट घरबास विहीन अवस्थामा रहेका अत्यन्तै दयनीय अवस्थाका गरिबहरुलाई घर आवास निर्माण तथा मर्मत कार्यमा सहयोग पुऱ्याउन,

(ट) प्राविधिक धारतर्फ स्नातक र अन्य जुनसुकै विषयमा स्नातकोत्तर तहको प्रमाणपत्र प्राप्त गरेर पनि बेरोजगार रहनु परेका र राज्यबाट सुविधा समेत नपाउने/सुविधाका अन्य श्रोत पनि नभएका अवस्थाका युवा बेरोजगार जनशक्तिलाई जीवन निर्वाह खर्च वा स्वरोजगारी प्रवर्द्धन रकम उपलब्ध गराउन,

(ठ) फरक क्षमता भएका विद्यार्थीहरुका लागि विशेष शिक्षालय तथा सीप विकास केन्द्र सञ्चालन गर्न,

(ड) द्वन्द्व प्रभावित वा हिँसा पीडित भई सहाराको खोजीमा रहेकाहरुका निम्ती उपचार केन्द्र, सुधार केन्द्र तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्न

(ढ) स्वास्थ्य बीमा गर्न र बीमामा सहुलिएको व्यवस्था गर्न ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमका सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धी कार्यक्रम गाउँपालिकाको दफा ५ बमोजिमको समितिमा आवद्ध सो सम्बन्धी कार्य गर्ने सामाजिक संघसंस्था मार्फत पनि गर्न सक्नेछ ।

**५. सामाजिक सुरक्षा तथा समाज कल्याण निर्देशक समितिको गठनः** (१) सामाजिक संघसंस्थाहरु सँगको समन्वय, सहयोग परिचालन र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले सामाजिक सुरक्षा तथा समाज कल्याण

कार्यक्रम सञ्चालन गर्न बागमती गाउँपालिकाको संघसंस्था दर्ता ऐन, २०८२ को दफा २३ बमोजिमको समितिमा गाउँपालिकामा क्रियाशील लक्षित समुदायका गाउँपालिका स्तरीय सञ्जालमध्ये समितिबाट मनोनित ३ जना सदस्य थप गरी सामाजिक सुरक्षा तथा समाज कल्याण निर्देशक समिति गठन गरिनेछ।

(२) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र निजहरु पुनः मनोनित हुन सक्नेछन्।

(२) गाउँ कार्यपालिकाले समितिको कारण सहितको सिफारिसमा समितिका सदस्यहरु हेरफेर गर्न सक्नेछ।

**६. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा कम्तीमा वर्षको तीन पटक बस्नेछ।

(२) समितिको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

(३) समितिको अध्यक्षले बैठकककोे अध्यक्षता गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकको निर्णय बहुमतका आधारमा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिने छ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्णय गरे बमोजिम हुनेछ।

**७. बैठक भत्ता सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम गठन भएका समिति र उपसमितिले तोकिए बमोजिम बैठक भत्ता र खाजा खर्च पाउनेछन्।

**८. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने,

(ख) सामाजिक संघसंस्थालाई सहयोग गर्ने, तिनीहरुका बीच समन्वय गर्ने र तिनीहरुको कामको अनुगमन, सुपरीवेक्षण र मूल्यांकन गर्ने, गराउर्ने,

(ग) सामाजिक संघसंस्थाहरुको स्थापना, विकास, विस्तार र सुदृढीकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने,

(घ) गाउँपालिका र सामाजिक संघसंस्थाहरुबीच समन्वयकर्ताको रुपमा कार्य गर्ने गराउर्ने,

(ङ) समाज कल्याण कार्य तथा समाज सेवा सम्बन्धी नीति निर्माण तथा कार्यक्रम तर्जुमा सम्बन्धमा गाउँ कार्यपालिकलाई आवश्यक परामर्श दिर्ने,

(च) समाज सेवामा संलग्न समितिसँग आवद्ध संघसंस्थाहरुका लागि सूचना तथा अभिलेख केन्द्रका रुपमा कार्य गर्ने, गराउने,

(छ) समाज कल्याण कार्यसँग सम्बन्धित विषयमा तालिम दिने, अध्ययन अनुसन्धान गर्ने गराउने,

(ज) समितिसँग आवद्ध सामाजिक संघसंस्थाहरुको भौतिक सम्परीक्षण गर्ने गराउने,

(झ) यो ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक अन्य कार्य गर्ने गराउने,

(ञ) राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउन र प्राप्त सहयोग रकमको सुव्यवस्था गर्ने गराउने,

(ट) सामाजिक सुरक्षा तथा समाज कल्याणसँग सम्बन्धित वार्षिक कार्यक्रम, बजेट तथा आवश्यक नीतिगत विषयहरुलाई तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(ठ) गाउँपालिकाभित्र क्रियाशील सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रम सञ्चालन गर्ने सामाजिक संघसंस्थाहरुलाई समितिमा आवद्ध गन गराउने,

(ड) गाउँपालिकामा विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा नियोगबाट बस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गर्न आवश्यक समन्वय गन ।

**९. समिति तथा उपसमिति गठन गर्न सक्नेः** (१) निर्देशक समितिले आफ्नो कार्य सञ्चालनलाई प्रभावकारी र सहज रुपमा सञ्चालन गर्न सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा समन्वय समिति र समितिका अन्य सदस्यको संयोजकत्वमा विभिन्न उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति तथा उपसमितिहरुको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**१०. सञ्जाल गठन गर्न सक्नेः** (१) दफा ३ बमोजिमका लक्षित वर्ग समुदायले सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न र गाउँपालिकालाई आवश्यक सहयोग, समन्वय गर्न तोकिए बमोजिमका गाउँपालिका/वडास्तरीय लक्षित समुदाय सञ्जाल गठन गर्न सक्नेछन् ।

(२) दफा ३ मा उल्लिखित लक्षित वर्ग बाहेक सामाजिक मूल प्रवाहीकरणका लागि सशक्तीकरणको आवश्यकतामा रहेका समुदाय (महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यकहरु) का यसै दफा बमोजिम वडास्तरीय/गाउँपालिकास्तरीय सञ्जाल गठन गर्न सकिने छ।

(३) उपदफा (१) र (२) बमोजिम गठन हुने सञ्जालहरुको गठन प्रक्रिया, काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**११. समितिमा आवद्ध हुनुपर्नेः** (१) प्रचलित कानुन बमोजिम गाउँपालिका र अन्य निकायमा दर्ता भई सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धी कार्य गर्ने सामाजिक संघसंस्थाहरु समितिसँग अनिवार्य रुपमा आवद्ध हुनुपर्नेछ । आवद्धताको लागि सामाजिक संघसंस्थाहरुले तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने सामाजिक संघसंस्थाहरुले निवेदनसाथ आफ्नो विधान, कार्य समितिका सदस्यहरुको नाम, पेशा, ठेगाना र संस्था दर्ता भएको कार्यालय र मिति समेत स्पष्ट खोल्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवदेन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी सम्बन्धित सामाजिक संघसंस्थालाई समितिसँग आवद्ध गर्न उपयुक्त देखेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई तोकिएको बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) समितिसँग आवद्ध सामाजिक संघसंस्थाले तोकिए बमोजिम आफूलाई समितिबाट अलग गर्न सक्नेछ ।

**१२. अनुमति लिनुपर्नेः** (१) गाउँपालिकाभित्र काम गर्न चाहने गैरसरकारी संघसंस्थाले काम गर्नुअघि समिति समक्ष काम गर्ने अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले बढीमा दुई महिनाभित्र समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरी अनुमति दिन सक्नेछ ।

**१३. सम्झौता गर्नुपर्नेः** दफा १२ को उपदफा (२) बमोजिम अनुमति प्राप्त गरेका गैरसरकारी संघसंस्थाले गाउँपालिकाभित्र कार्य सञ्चालन गर्नुअघि समितिसँग सम्झौता गर्नुपर्नेछ ।

**१४. विधान सम्बन्धी व्यवस्थाः** समितिमा आवद्ध हुने चाहने सामाजिक संघसंस्थाहरुको विधान बागमती गाउँपालिकाको संघसंस्था दर्ता ऐन, २०८२ ले निर्दिष्ट गरे बमोजिम हुनुपर्नेछ ।

**१५. सङ्घीय र प्रादेशिक कानुन बमोजिम हुनेः** (१) समितिमा आवद्ध कुनै पनि सामाजिक संघसंस्थाले नेपाल सरकार, प्रदेश सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा नियोगबाट बस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गर्ने प्रक्रिया बागमती गाउँपालिकाको संघसंस्था दर्ता ऐन, २०८२ बमोजिम र सोमा उल्लेख नभएको विषयमा प्रचलित सङ्घीय र प्रादेशिक कानुन बमोजिम हुनेछ ।

(२) समितिले कुनै विदेशी संघसंस्था, निकाय, सरकार वा विकास साझेदार संस्थाबाट उपदफा (१) बमोजिम अनुमतिको लागि निवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी बढीमा एक महिनाभित्र स्वीकृति दिनुपर्नेछ । समितिले गाउँपालिकाको हित प्रतिकूल हुने देखिएको कार्य वा परियोजनालाई स्वीकृति दिन वाध्य हुनेछैन । अनुमतिविना सञ्चालित कार्य वा परियोजनाको कार्यान्वयनमा रोक लगाउन कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि अनुरुप स्थापित संघसंस्थाहरुले आकस्मिक उद्धार सेवाका लागि प्राप्त गर्ने सहायताका हकमा भने समितिसँग पूर्व स्वीकृति लिनुपर्ने छैन र त्यस्तो सहायता प्राप्त गरेपछि समितिलाई जानकारी दिनुपर्नेछ ।

(४) समितिले चाहेमा समितिसँग आवद्ध सामाजिक संघसंस्थाहरुको हिसाव किताव सम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**१६. दोहोरो सामाजिक सुरक्षा नपाउनेः** सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तिभरण, अवकास सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्तिले दोहोरो पर्नेगरी कुनै पनि नियमित सामाजिक सुरक्षा भत्ता पाउने छैनन् । तर अन्य प्रकारको सामाजिक सुरक्षा पाउन यस ऐनले वाधा पार्ने छैन ।

**१७. अधिकार प्रत्यायोजनः** (१) समितिले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार दफा ९ बमोजिमको समिति/उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८. निलम्वन वा विघटन गर्न सकिनेः** (१) समितिसँग आवद्ध भएका वा गाउँपालिका मार्फत आर्थिक सहयोग प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने कुनै सामाजिक संघसंस्थाको कार्य समितिले प्रचलित कानुन वा आफ्नो विधान विपरीत काम गरेमा त्यस्तो कार्यसमितिलाई समितिको सिफारिसमा गाउँ कार्यपालिकाले तोकिएको

अवधिसम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ । तर, त्यसरी निलम्बन वा विघटन गर्नुअघि त्यस्तो कार्यसमितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सामाजिक संघसंस्थाको कार्य समिति निलम्बन भएमा निलम्बन फुकुवा नभएसम्म र विघटन भएमा नयाँ कार्य समिति गठन नभएसम्म त्यस्तो संघसंस्थाको कार्य सञ्चालन गर्न समितिले सो संघसंस्थाको साधारण सदस्यहरु मध्येबाट एउटा तदर्थ समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै सामाजिक संघसंस्थाको कार्य समिति विघटन भएको कारणबाट उपदफा (२) बमोजिम गठन गरिएको तदर्थ समितिले त्यसरी गठन भएको मितिले तीन महिनाभित्र त्यस्तो संघसंस्थाको विधान बमोजिम नयाँ कार्यसमिति गठन गर्नुपर्नेछ ।

**१९. वार्षिक प्रतिवेदनः** (१) समितिले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र आफूले गरेको कामकारवाहीको विस्तृत विवरण सहितको वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) समितिसँग आवद्ध सामाजिक संघसंस्थाले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन सहित आफूले गरेको कामको विवरण देखिनेगरी समिति समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**२०. वाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ परेमा गाउँसभाले बागमती राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

**२१. नियम बनाउने अधिकारः** यस ऐनको उद्धेश्य पूर्तिका लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर